का.जि.प्र.का.द.नं. १००/०५९/६०


३ माघ २०८०,
बुधबार
17 January 2024,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २१, अंक ३४३ । पृष्ठ १४ | Madhyanha National Daily | www.madhyanhadaily.com



## रुसी सेनामा नेपाली

# जसलाई मरेपछि राज्यले चिन्यो

परराष्ट्र मन्त्रालयका अनुसार रुसी सेनामा कति नेपाली छन् भन्ने यकिन तथ्यांक छैन । तर युक्रेनसँगको युद्धमा मृत्यु भएपछि एकपछि अर्को गरी सार्वजनिक भइरहेको छ ।




गंगाराम मोक्तान



राजकुमार रोका



साजन गुरुङ



सन्दीप थपलिया



देश छोड्दा जो कसैले पनि एकपटक सोच्नुपर्छ । कहाँ जाँदैछु ? कस्तो देशमा जाँदैछु ? कानूनीरुपमा कुन ठिक छ, कुन ठिक छैन ? त्यो कुरामा सबैले ध्यान पुऱ्याउनु आवश्यक छ ।

**एनपी साउद**, परराष्ट्रमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ माघ ।

रुसी सेनामा भर्ती भएका लमजुङका दूधपोखरी गाउँपालिका-१ घामर चोकका ३२ वर्षीय साजन गुरुङको मृत्यु भएको छ । रुस-युक्रेन युद्धका क्रममा उनको मृत्यु भएको थियो ।

परराष्ट्र मन्त्रालयका अनुसार उनी रोजगारीका लागि रुसी सेनामा पुगेको जानकारी छ । गुरुङ गत भदौमा रुस पुगेका थिए । तर सरकारले गुरुङको मृत्य भएपछि उनी पनि रुस गएको जानकारी प्राप्त गरेको हो । गुरुङ् जस्ता रुसी सेनामा कति नेपाली छन् भन्ने यकिन तथ्याङ्क छैन । तर युक्रेनसँगको युद्धमा मृत्यु भएपछिको विवरण सरकारले थाहा पाइराखेको छ ।

यसअघि रुसी सेनामा भर्ती भएका १० जना नेपालीको मृत्यु भइसकेको छ । यो सँगै मृत्यु हुने नेपालीको संख्या ११ पुगेको छ । अवैध रुपमा रुसी सेनामा कार्यरत नेपालीको उद्धारमा पनि नेपाल सरकारले कूटनीतिक पहल गर्न सकेको छैन । यसले गर्दा रुसी सेनामा भर्ना भएका नेपालीहरु रुस-युक्रेन युद्धका क्रममा मृत्यु हुने क्रम रोकिएको छैन ।

चार जना नेपालीको भिडन्तमा मृत्यु भएको मस्कोस्थित नेपाली दूतावासले नै जनाएको थियो । दूतावासका अनुसार मृत्यु हुनेहरूमा इलामका गंगाराज मोक्तान, गोरखाका सन्दीप थपलिया, स्याङ्जाका प्रितम काकी र दोलखाका राजकुमार रोक्का छन् ।

दूतावासले मृतक तीन जनाको परिवारसँग सम्पर्क गर्न काठमाडौं त्रिपुरेश्वरस्थित कन्सुलर सेवा विभागलाई पत्र लेखेको थियो । जसको बोधार्थ परराष्ट्र मन्त्रालय र युरोप-अमेरिका महाशाखालाई दिइएको छ । उक्त पत्रमा रुसी सेनाले टेलिग्राममार्फत् मृत्युको जानकारी दिएको उल्लेख गरिएको छ । अर्थात् सरकार रुसी सेनामा भर्ना भएका नेपालीहरुबारे मृत्यु भएपछि रुसी सेनाबाट जानकारी लिइरहेको छ ।

किनकि रुसी सेनामा भर्ती गैरकानुनी हो । त्यसैले त्यहाँ पुग्ने र रुसी सेनामा भर्ती भएको जानकारी सरकारसँग छैन । >>> पृष्ठ २ मा

# कतार एयरपोर्टमा नेपाली यात्रुको बिचल्ली



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २ माघ ।

नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को वाइडबडी जहाजमा प्राविधिक समस्या देखाएर 'ग्राउण्डेड' भएपछि कतारबाट नेपाल जाने यात्रु कतारको विमानस्थलमा अलपत्र परेका छन् । कतारको स्थानीय समयअनुसार मंगलबार बिहानै उड्नुपर्ने जहाज नेपालबाट नपुगेपछि यात्रु अलपत्र परेका हुन् ।

सोमबार राति ९ बजे नै एयरपोर्ट पुगेका सर्लाहीका सिकन्दर राय बिरामी भएर काम गर्न नसकेपछि नेपालबाट आएको एक महिनामै नेपाल फर्किन टिकट काटेका थिए । तर जहाज उडेन । हातमा पासपोर्ट र टिकट समातेर कापिरहेको उनी रुन मात्र सकेनन् । उनी भन्छन्, 'मलाई धेरै नै समस्या छ, चक्कर आउँछ दाइ, शरीर उतिबेलै तातो र चिसो हुने हुँदा काम गर्न नसकेर जान लागेको, तर एयरलाइन्सले थप पीडा दियो ।'

कतार बसाइँलाई बिट मार्दै नेपाल फर्किन लागेका सुनसरीका सुरज दनुवार पनि सोमबार रातिबाटै एयरपोर्टमा अलपत्र परेका छन् । उनीसँगै बाराका प्रकाश बिडारी, लमजुङका जस बहादुर गुरुङ, मोरङका सुनिल शाह कलवार पनि एयरपोर्टमा अलपत्र छन् ।

बच्चा बिरामी भएर इमरजेन्सी घर जान लागेका सिरहाका रामदेव यादव एयरपोर्टमा धुरुधुरु रोए । 'तलब पाएपछि घर पठाएँ, अचानक छोरी बिरामी भएको खबर आयो र सरसापट गरेर टिकट किनेर घर जान हिँडेको थिएँ, तर पलपल मरेर एयरपोर्टमै बस्न पऱ्यो, आँखामा छोरी घुमिरहेकी छिन्,' उनका आँशु रोकिएनन् ।

झापाका ओम बहादुर भण्डारी आफ्ना आमाको बरखीको मिति पारेर नेपाल जान लागेका रहेछन् । कतारबाट जहाज उडेन र उनले सोमबार काठमाडौंबाट चन्द्रगढीको लागि आन्तरिक उडानको टिकट समेत गर्नुपऱ्यो भने बरखीसमेत नभेट्दा दुःखी भए ।

आफ्नो परिवारसहित बिदामा नेपाल जान लागेका धादिङका छन्द बहादुर बरुवाल श्रीमतीसहित एयरपोर्टमै भेटिए । हाया भिसामा कतारमा श्रीमतीलाई ल्याएका उनले नेपाल एयरलाइन्सको व्यवस्थापन देखेर दिक्क माने ।

मध्यान्हकर्मी विमानस्थल पुग्दा पीडितले गुनासाका चाङ लगाए । उनीहरूले जहाजमा आएको समस्यालाई सहजैरुपमा लिए पनि एयरपोर्टमा रहेका एयरलाइन्सका प्रतिनिधिको व्यवहार र बोल्ने शैलीको चर्को आलोचन गरे । जहाज नउडेपछि एयरलाइन्सले होटेल लगायतका सुविधा दिनुपर्नेमा त्यो सुविधा नदिएको र खानाको कुपन दिएर २४ घण्टादेखि एयरपोर्टमै राखेर थप पीडा दिएको उनीहरु बताउँछन् । >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# बायोमेट्रिक बिनाका राहदानी लिन साउदी दूतावासद्वारा अस्वीकार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ माघ

नेपालस्थित साउदी अरेबियाको दूतावासले रोजगारीका लागि आफ्नो मुलुक जाने नेपाली कामदारलाई बायोमेट्रिक प्रणाली लागू गरेको छ । दूतावासले मंगलबारदेखि साउदी भिसा सेवा केन्द्र 'तशीर' थापाथलीबाट बायोमेट्रिक गरेका कामदारको मात्र भिसा प्रक्रियाका लागि राहदानी लिएको छ ।

राजधानीको थापाथलीमा स्थापना गरिएको साउदी भिसा सेवा केन्द्रले जनवरी १ तारिकदेखि वैदेशिक रोजगारीका लागि उक्त मुलुक जाने कामदारको बायोमेट्रिक लिन शुरु गरेको हो । नेपालका लागि साउदी अरेबियाका राजदूत साद बिन नासेर अबु हैमदले शुक्रबार मात्रै सेवा केन्द्रको उद्घाटन गरेका थिए । उनले सूचना प्रविधिमा आएको आधुनिक परिवर्तनअनुसार भिसा सेवाहरु प्रदान गर्ने र नेपालबाट दक्ष जनशक्ति भर्ना प्रक्रियालाई सहजीकरण गर्न साउदी भिसा सेवा केन्द्रले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताएका थिए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले भने कामदारको बायोमेट्रिक लिने नाममा आर्थिक भार थोपर्ने र भविष्यमा सिण्डिकेटको रुपमा विकास गर्ने भन्दै साउदी भिसा सेन्टरबाट हुने बायोमेट्रिक कार्यको विरोध गरेको छ ।

संघले मंगलबार कार्यसमिति बैठक बोलाएर बिना तयारी बायोमेट्रिक लगाउने षड्यन्त्र गरिएको भन्दै सशक्त प्रतिवाद गर्ने निर्णय गरेको संघका महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए । उनले कामदारको भिसा प्रक्रियाका लागि बायोमेट्रिक लागू गर्न साउदी भिसा सेन्टरका नाममा निजी कम्पनीलाई जिम्मेवारी दिएको सार्वजनिक भएपछि गत पुस २५ गते साउदी दूतावासका प्रतिनिधि, परराष्ट्र मन्त्रालयका प्रतिनिधि, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वैदेशिक रोजगार महाशाखाका सहसचिव, साउदी भिसा सेन्टरका प्रतिनिधि र संघको नेतृत्व गरी पाँच पक्षीय छलफल भएको र त्यसमा संघको धारणा राखेर सोही धारणाअनुसार पुस २९ गते मन्त्रालयका सचिवलाई पनि त्यसको जानकारी दिएको भन्दै समस्याको समाधान नभएको जिकिर गरे ।

पुस २५ गते श्रम मन्त्रालयमा भएको छलफलमा साउदी दूतावासले बायोमेट्रिक नगरी कामदार पठाउँदा विमानस्थलमा देखिने झन्झटिलो अवस्थाको अन्त्य गर्न र साउदी अरबमा ब्ल्याक लिष्ट परेको कामदार पुनः जाँदा विमानस्थलबाट फर्किनुपर्ने अवस्थाको अन्त्य गर्न बायोमेट्रिक गराएर पठाउँदा ती समस्या नआउने तथा दूतावास जुनसुकै समस्याको समाधानका लागि तत्पर रहेको भन्दै आश्वस्त हुन आग्रह गरेको थियो । तर सोही छलफलमा साउदी >>> पृष्ठ २ मा

## त्रिपक्षीय समन्वयपछि मलेसियमा आन्दोलित ९० कामदार काममा फर्किए



**तिलोचन गौतम/मध्यान्ह**
क्वालालाम्पुर, २ माघ ।

मलेसियास्थत नेपाली राजदूतवास, रोजगारदाता कम्पनी र कामदारबीचको त्रिपक्षीय सहमतिपछि मलेसियामा काम छोडेर आन्दोलनमा उत्रिएका ९० जना कामदार काममा फर्केका छन् ।

मलेसियाको पुचुङमा रेहेको पीटी स्वीफ्ट मार्केटिङ कम्पनीमा कार्यरत ९० जनाभन्दा बढी कामदारहरु रोजगारदाता कम्पनीले अभद्र व्यवहार गरेको, बिना गल्ती स्वदेश फिर्ता >>> पृष्ठ २ मा

## प्रस्तावित संसदीय क्यालेन्डर

# सातामा तीन दिन संसद चलाउने प्रस्ताव

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ माघ ।

प्रतिनिधि सभामा अब बस्ने अधिवेशनमा संसदीय क्यालेन्डर लागू गर्ने तयारी भएको छ । मंगलबार कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङका अनुसार माघ १८ गते अधिवेशन बोलाउने सरकारको तयारी छ । मंगलबार सभामुख देवराज घिमिरेलाई भेटेर उनले अधिवेशनबारे सरकारको तयारीका सन्दर्भमा जानकारी गराएका छन् ।

दिउँसो झण्डै एक घण्टा भएको भेटमा संसद अधिवेशनको मिति, विधेयकहरुको अवस्था र संसदीय क्यालेन्डरको विषयमा छलफल भएको संघीय संसद सचिवालयले जनाएको छ । सभामुख घिमिरेले संसदीय क्यालेण्डर बनाएर संसद चलाउने आफूहरुको तयारी रहेको र त्यसमा सहयोग हुने गरी सरकारको भूमिकाको अपेक्षा गरेको बताए ।

सभामुख घिमिरेले सातामा ३ दिन प्रतिनिधि सभाको बैठक चलाउने र बाँकी ३ दिन संसदीय समितिको बैठकका लागि समय छुट्याउने गरी तालिका प्रस्ताव गरेका छन् ।

> सातामा तीन दिन प्रतिनिधि सभाको बेठक चलाउने र तीन दिन संसदीय समितिको बैठक चलाउने गरी सभामुख देवराज घिमिरेले संसदीय क्यालेन्डर तयार पारेका हुन् ।

कुन दिन बैठक राख्ने भन्ने तय गर्न सके सकारात्मक परिणाम लिन सक्ने सभामुखको अपेक्षा छ । तर, सातामा तीन दिन विधेयकमाथिको छलफल हुनका लागि बिजनेस अभाव हुन सक्नेतर्फ उनले सरकारको ध्यानाकर्षण गराएका छन् ।

जवाफमा कानुनमन्त्री गुरुङले संसदमा विचाराधीन विधेयकहरु सरकारको उच्च प्राथमिकतामा रहेको र अगाडि बढाउन सभामुखको भूमिकाको अपेक्षा गरेको बताएका छन् । प्रतिनिधि सभामा दर्ता भएका १० वटा विधेयक प्रक्रियामा छन् । राष्ट्रिय सभाबाट पारित भएर आएका विधेयकहरु पनि रहेका छन् ।

सरकारले नीति तथा कार्यक्रम फागुनमै संसदमा पेश गर्ने भनेको र त्यसका लागि समेत ख्याल गरेर क्यालेन्डर बनाउन सभामुखलाई कानुनमन्त्री गुरुङले सुझाव >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
३ माघ २०८०, बुधबार
17 January 2024, Wednesday

# किसानका लागि खेतसम्मै प्रसारण लाइन विस्तार गर्दै सरकार

**काठमाडौं/मस–** सरकारले कृषि उपजको उत्पादनमा अभिवृद्धि गर्दै आत्मनिर्भर बनाउने उद्देश्यका साथ थप कृषि मिटर उपलब्ध गराउने विषयमा छलफल शुरु गरेको छ। सिँचाइका लागि कृषि मिटर जरुरी भएको र किसानको मागअनुसार खेतसम्म ग्रीड विस्तार गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन लागिएको हो।




ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतले मंगलबार ऊर्जा मन्त्रालयमा राष्ट्रिय किसान आयोग, नेपाल विद्युत् प्राधिकरणका उच्च नेतृत्वसँग सो विषयमा छलफल गरे। छलफलमा सहज रुपमा कृषि मिटर वितरण गर्ने, ग्रीड विस्तारलाई विशेष प्राथमिकतामा राख्ने र सिँचाइको सहज उपलब्धताका लागि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयसँग मिलेर काम गर्ने सहमति भएको छ।

मन्त्री बस्नेतले कृषि मन्त्रालय र आवश्यक सरोकारवाला निकायसँग छलफलपछि ठोस रुपमा कामको रुपरेखा तयार हुने बताए। कृषिमा मुलुकलाई आत्मनिर्भर बनाउनका लागि सिँचाइ सुविधा विस्तार गर्ने उद्देश्यका साथ सरकार लागिपरेको, ठूला सिँचाइका आयोजनालाई विशेष प्राथमिकतामा साथ कार्यान्वयनमा लगिएको जानकारी दिँदै मन्त्री बस्नेतले नेपाल विद्युत् प्राधिकरणलाई थप लाइन विस्तारका लागि आवश्यक निर्देशन दिइसकेको उल्लेख गरे।

सरकारको पछिल्लो विवरणअनुसार १५ लाख हेक्टरमा सिँचाइ सुविधा पुगिसकेको छ। सिँचाइ सुविधा पुग्न बाँकी १० लाख हेक्टर पहाडका टार तथा तराईका केही क्षेत्र छन्। त्यसलाई पनि सिँचाइका अनेकन विकल्प तयार भइसकेको छ।

कूल ३२ लाख १८ हजार कृषियोग्य भूमिमध्ये बाँकी क्षेत्र बाँझो भएकाले ती क्षेत्रमा पनि सिँचाइ सुविधा उपलब्ध गराउने विकल्पबारे सरकारले आवश्यक निर्णय गर्ने तयारी गरेको छ। मन्त्री बस्नेतले कृषि मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण र राष्ट्रिय किसान आयोगले आवश्यक सहजीकरण गरेर ठोस कार्ययोजना ल्याएको खण्डमा कार्यान्वयनमा लैजान कुनै समस्या नभएको बताए।

कृषि क्षेत्रलाई आधुनिक र व्यवसायीकरण गर्न सकिए रोजगारीको अभिवृद्धि, खाद्यान्नमा आत्मनिर्भर हुने भएकाले त्यसप्रति सरकारले विशेष ध्यान दिएको उनको भनाइ छ। सरकारले तराई मधेसमा एकीकृत सिँचाइका विभिन्न कार्यक्रम अगाडि बढाएको तथा स्यालो ट्यूबेल र डिप ट्यूबेलमार्फत पनि सुविधा उपलब्ध गराएको बताए। थप व्यवस्थाका लागि मन्त्रालयले आवश्यक तयारी गरिरहेको उनको भनाइ छ।

नेपाल विद्युत् प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिल्वालले प्रतियुनिट नौ रुपैयाँ ६० पैसामा खरिद गरेको बिजुली कृषि सिँचाइका लागि दुई रुपैयाँ २५ पैसामा उपलब्ध गराइएको जानकारी दिए।

प्राधिकरणले कृषि क्षेत्रका लागि १५ करोड युनिट बराबरको बिजुली उपलब्ध गराएको उनको भनाइ छ। सिँचाइका लागि थप बिजुलीको माग भइ आएको खण्डमा उपलब्ध गराउन प्राधिकरण तयार रहेको उनले बताए।

व्यक्तिको नाममा रहेको जग्गामा कृषि मिटर उपलब्ध गराउन समस्या नभएपनि ऐलानी वा भाडामा लिएर खेती गर्ने किसानका हकमा केही समस्या रहेको उनको भनाइ छ। राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेमप्रसाद दंगालले कृषि उत्पादन बढाउन र किसानलाई थप व्यावसायिक बनाउनका लागि सहज रुपमा सिँचाइ सुविधा उपलब्ध गराउनुपर्ने बताए। उनले सहज रुपमा कृषि मिटरको प्रबन्ध गर्नुपर्ने र मन्त्रालयले आवश्यक सहजीकरण गर्नुपर्ने बताए।

छलफलमा ऊर्जा सचिव गोपालप्रसाद सिग्देल, सिँचाइ सचिव सुशीलचन्द्र तिवारी, विद्युत् नियमन आयोगका अध्यक्ष दिल्लीबहादुर सिंहलगायतको उपस्थिति थियो।

# नसर्ने रोगको उपचार सेवालाई विस्तार गरिँदै

**काठमाडौं/मस–** सरकारले नसर्ने रोगका कारण हुने सामाजिक र आर्थिक भार तथा मानवीय क्षतिलाई कम गर्न उपचार सेवाको पहुँचलाई विस्तार गर्ने लक्ष्य लिइएको छ। यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बहुक्षेत्रीय कार्ययोजना र रणनीति कार्यान्वयनमा ल्याएको छ। पछिल्लो समय मुटु, पक्षघात, उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम जस्ता रोगीको संख्या बढ्दै गएको जनाइएको छ।



राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको आजको बैठकमा मन्त्रालयका सचिव डा.रोशन पोखरेलले प्राथमिक सेवाद्वारा रोगको प्रभावकारी तथा स्रोतले भ्याउन सक्ने रोकथाम तथा उपचारलाई सरकारले प्राथमिकतामा राखेको जानकारी दिए। नसर्ने रोगको उपचारमा एकरुपता, समयमै गुणस्तरीय निदान, रोकथाम तथा नियन्त्रणका लागि परामर्श, स्वास्थ्य संस्था, विद्यालय र समुदायबीच समन्वय तथा स्वास्थ्य सेवामा समतामूलक पहुँच र कार्यदक्षता बढाउने रणनीतिको उद्देश्य रहेको छ।

एक व्यक्तिबाट अर्को व्यक्तिमा नसर्ने, सूक्ष्म जीवाणुका माध्यमबाट नहुने रोगलाई साधारणतया नसर्ने रोग भन्ने गरिन्छ। विश्व स्वास्थ्य संगठनका सदस्य राष्ट्रले नसर्ने रोगका कारण हुने अल्पायु मृत्य सन् २०२५ सम्ममा २५ प्रतिशतले घटाउने लक्ष्य लिएका छन्। दिगो विकास लक्ष्यले समेत एक तिहाइ नसर्ने रोगका कारणले हुने मृत्यु घटाउने लक्ष्य लिएको छ। उक्त लक्ष्य प्राप्तिका निम्ति सदस्य राष्ट्रले विभिन्न रणनीतिक कार्ययोजना र अवधारणसहित मार्गचित्र कोरेका छन्। त्यस पक्षलाई ध्यान दिँदै नेपाले पनि नसर्ने रोगको रोकथाम र नियन्त्रणका लागि नीतिगत, रणीतिगत विभिन्न कार्ययोजना अघि सारेको छ। व्यक्तिको अल्पायुमै मृत्य हुने तथा स्वास्थय क्षेत्रमा धेरै धनराशिको खर्च गराउने यी रोगहरु पछिल्लो समय विश्वका प्रमुख महामारीका रुपमा देखापरिरहेको छ। लामो अवधि र साधारणतया सुस्त गतिमा प्रभाव पार्ने मुटु तथा रक्तनलीका रोग, मिर्गौला, मधुमेह, दीर्घ श्वासप्रश्वास र क्यान्सरलगायत नसर्ने रोगको सूचीमा पर्छन्। मोटोपन, रक्तचाप, रगतमा गुल्कोज, धुम्रपान तथा सुर्तीजन्य पदार्थको प्रयोग र मद्यपान, अस्वस्थ्य खानपिन, पर्याप्त शारीरिक गतिविधिजस्ता व्यवहारले यी रोग निम्त्याउँछ।

नसर्ने रोगकै कारण ७१ प्रतिशत मानिसको मृत्यु हुँदै आएको छ। २१ प्रतिशत भने विभिन्न सरुवा रोगबाट मानिसको ज्यान जाने मन्त्रालयको भनाइ छ। बाँकी दैवीप्रकोप, दुर्घटना र आत्महत्याजस्ता विभिन्न कारणबाट मानिसको ज्यान जाने गर्छ। एक तथ्याङ्कअनुसार १७ प्रतिशत महिला र २९.८ प्रतिशत व्यक्तिले कुनै न कुनै प्रकारको तनाव झेल्नु परेको भए तापनि त्यसमध्ये ९० प्रतिशतले कुनै उपचार नगराउने गरेको सचिव डा.पोखरेलले बताए।

यसैबीच, आगामी सन् २०३० सम्ममा मधुमेहले गर्दा लाग्ने रोगका कारण मृत्यु हुनेको संख्या बढेर ११ प्रतिशतसम्म पुग्ने अनुमान गरिएको छ। लगभग ९६.७ प्रतिशत मानिस सिफारिसअनुसार खानुपर्ने सागसब्जी र फलफूल खाँदैनन्। नसर्ने रोगका प्रमुख कारकमा शारीरिक निष्क्रियता, धुम्रपान, मद्यपानको प्रयोग र अस्वस्थ्य खानपान नै हुन्। नसर्ने रोगका लागि मानिसका लागि प्रभावकारी तथा समतामूलक रोकथाम, उपचार तथा हेरचाह भएको जनाइएको छ।

मन्त्रालयका अर्का सचिव देवकुमारी गुरागाईंले राज्यबाट प्रदान गरिने स्वास्थ्य उपचारसम्बन्धी सेवा र सुविधाबारे अझै धेरैलाई थाहा नभएकाले प्रचारप्रसारको व्यापक आवश्यकता भएको बताउँदै उपलब्ध जनशक्ति र पूर्वाधारको अधिकतम प्रयोग गर्नेमा राज्यको ध्यान जान जरुरी रहेको धारणा राखिन्। समिति सभापति दिलकुमारी थापाले सरकारको नीति कार्यान्वयन गर्ने सिलसिलामा कहीँ कतै समस्या र अड्चन भएमा समिति बाटो फुकाउन हरदम तयार रहेको विश्वास दिलाइन्।

# माल्टा र चेक रिपब्लिक पठाउने भन्दै आधा करोड बढी ठग्ने दुई पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि माल्टा र चेक रिपब्लिक पठाइदिन्छु भन्दै ठगी गरेको उजुरीका आधारमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। प्रहरीले पाल्पा बग्नासकाली घर भइ हाल काठमाडौंको स्वयम्भू बस्ने मायादेवी राना र विराटनगर घर भइ हाल काठमाडौंको बुढानिलकण्ठ हात्तीगौंडा बस्ने विकास राईलाई पक्राउ गरेको हो।

रानाले दिपकराज कँडेलसमेतलाई वैदेशिक रोजगारीका लागि माल्टा पठाइदिन्छु भनि प्रलोभन दिइ ४३ लाख रुपैयाँ लिएर नपठाएको उजुरी परेको थियो। रानाले माल्टा पुगेपछि १ लाख ५० हजार रुपैयाँ तलब हुने होटलमा रोजगारी हुने भन्दै प्रतिव्यक्ति ८ लाख रुपैयाँ लाग्छ भनि पीडितहरुबाट पटक-पटक गरी ४३ लाख रुपैयाँ लिएकी थिइन्।

त्यस्तै राईले दिवान गिर ीसमेतलाई वैदेशिक रोजगारीका लागि चेक रिपब्लिक पठाइदिन्छु भन्दै त्यसका लागि प्रतिव्यक्ति १३ लाख रुपैयाँ लाग्ने बताएर रकम लिएको उजुरी परेको थियो। राईविरुद्ध चेक रिपब्लिक पुगेपछि मासिक १ लाख ८० हजार रुपैयाँ तलब हुन्छ भनि विश्वास दिलाइ प्रलोभनमा पारी पीडितहरुबाट पटक-पटक गरी १ लाख ८० हजार रुपैयाँ लिइ सम्पर्कविहीन भइ ठगी गरेको पीडितहरुको दाबी छ। प्रहरीले दुवै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको बताएको छ।

## रुसी...

तथापि, नेपालीहरु गइरहेका छन्। परराष्ट्र मन्त्रालयलेरुसी सेनामा भर्ना भई निधन भएका नेपाली नागरिकहरुको शव यथाशीघ्र नेपाल पठाउन तथा घाइते लगायतका पीडित परिवार हरुलाई क्षतिपूर्ति उपलब्ध गराउन रुसस्थित नेपाली दूतावासलाई आग्रह गरेको छ।

नेपाली नागरिकलाई रुसी सेनामा भर्ना नगर्न र भर्ना गरिएका नेपाली नागरिकलाई तत्काल नेपाल फर्काउन राजदूत मार्फत रुसी सरकारलाई अनुरोध गरिएको मन्त्रालयले जानकारी दिएको छ। रुसी सेनामा भर्ना भएका नेपाली नागरिकहरुको संख्या, घाइते नेपालीको संख्या तथा उनीहरुको अवस्थाका बारेमा यथाशीघ्र जानकारी गराउन पनि मन्त्रालयले रुसी सरकारलाई आग्रह गरेको छ। तर यो प्रक्रियामा रुसले चासो दिइरहेको छैन।

रुस युक्रेन युद्धमा संलग्न ४ जना नेपाली बन्दी अवस्थामा रहेको पनि परराष्ट्र मन्त्रालयले जनाएको छ। युक्रेनमा बन्दी बनाइएका नेपालीलाई फिर्ता पठाउन युक्रेनी सरकारलाई कूटनीतिक माध्यमबाट अनुरोध गरिएको छ। साथै उनीहरुको रिहाइ र नेपाल फिर्तीको लागि रेडक्रसको अन्तर्राष्ट्रिय संस्था र अरु माध्यमबाट कुटनीतिक पहल गरिएको मन्त्रालयले जनाएको छ।

नेपालबाट मात्र नभई भारत, बंगलादेश, श्रीलंका, संयुक्त अरव इमिरेट्स, साउदी अरविया, कुवेत, कतार र बहराइनबाट रुस यात्रा गर्दा पनि ती देशमा रहेका नेपाली राजदूताबास तथा महावाणिज्यदूताबासबाट नो अब्जेक्सन लेटर लिएर मात्र यात्रा गर्न परराष्ट्र मन्त्रालयले आग्रह गरेको छ।

परराष्ट्रमन्त्री एनपी साउदले रुसी सेनामा भर्ती भएकाहरु नेपाल सरकारको अनुमतिमा त्यहाँ भर्ती नभएको बताउँछन्। विद्यार्थी भिसा र भिजिट भिसा लगायतमा रुस पुगेकाहरु सेनामा भर्ती भएको र जोखिममा परेको उनको भनाइ छ। उनी भन्छन्, 'रुसमा ११ जनाको मृत्यु भइसकेको छ। अरु धेरै जना जोखिममा पर्नुभएको छ। तर यो समस्या नेपाल सरकारको कारणले आएको होइन। जो त्यहाँ गएको छ, रुसी सेनामा काम गरिरहेको छ, उनीहरु विद्यार्थी भिसामा, भिजिट भिसामा त्यहाँ पुगेका हुन्। भिसा प्रयोजनलाई तोडेर उहाँहरु त्यहाँको सेनामा भर्ना हुनुभएको छ।'

परराष्ट्रमन्त्री साउदले अफ्ठयारोमा परेका आफ्नो नागरिकको उद्धार गर्न सरकार जुनसुकै बेला पनि तयार रहेको बताउँछन्। उनी भन्छन्, 'आठ वटा शवहरु अहिले त्यहाँको शवगृहमा राखिएको कुरा मसँग आएको छ। हामीले ती शव नेपाल ल्याउनका लागि कुटनीतिक पहल गरिरहेका छौं।' देश छोड्ने बेला जो कसैले पनि एकपटक सोच्नुपर्ने उनको भनाइ छ। उनी भन्छन्, 'देश छोड्दा जो कसैले पनि एकपटक सोच्नुपर्छ। कहाँ जाँदैछु ? कस्तो देशमा जाँदैछु ? कानूनीरुपमा ठीक छ, कुन ठीक छैन ? त्यो कुरामा सबैले ध्यान पुऱ्याउनु आवश्यक छ।'

## कतार...

'एयरलाइन्सले दिएको कुपनले बिहान एउटा पानी, चिया र अण्डा सेन्डविचबाहेक अरू आउँदैन। सोमबार रातिदेखि २४ घण्टासम्म बस्दा पुनः त्यस्तै कुपनले सोही खाना कसरी खाने ?', पीडितहरु प्रश्न गर्छन्। एयरपोर्टको कुर्सीमै रात बिताउनु पर्दा यात्रुहरु क्रोधित थिए। उनीहरू सामूहिक रुपमा नेपाल एयरलाइन्सको गलत व्यवस्थापन र झुटप्रति रुष्ट देखिए।

काठमाडौंका प्रताप गुरुङले एनआरएनए एनसीसी कतारका महासिचव रबिन मगरलाई २५० जना यात्रु एयरपोर्टमा अलपत्र परेको जानकारी गराएपछि एनसीसीका अध्यक्ष रमेश भट्ट, श्रमिक विभाग संयोजक तथा प्रथम उपाध्यक्ष कृष्ण पन्थी मंगलबार दिउँसो एयरपोर्ट पुगेका थिए। उनले एयरपोर्टमा पीडितका समस्या सुनेपछि नेपाली दूतावासमा समेत जानकारी गराएका थिए। नेपाल एयरलाइन्सका कर्मचारीसँग फोनमा पीडितका समस्या सुनाउँदा आफूहरूले खाना र घर जान ट्याक्सीको व्यवस्था गरेको बताए पनि पीडितले एक रियाल पैसा नपाएको भन्दै आफूहरूसँग आक्रोशित बनेको पन्थीले बताए।

पीडितका बारेमा समस्या र गुनासा राखेर आधिकारिक जानकारी लिन कर्मचारीलाई टेलिफोन सम्पर्क गर्दा एयरलाइन्सका अधिकारीहरूले 'कतारमा जारी एएफसी एसियन कपले गर्दा होटल प्याक' रहेको हुँदा होटल लैजान नसकिएको बताए। प्रतिनिधिहरुले घर जान ट्याक्सी भाडा दिएको भन्ने कुरालाई यात्रुहरुले अस्वीकार मात्र गरेनन्, फोनमा प्रतिकार समेत गरे। एयरलाइन्सका प्रतिनिधिले दोहोरो कुपनको व्यवस्था गरेको बताइरहँदा रामेछापकी शर्मिला सुनुवारसहित दर्जनौंले आफूहरुले थप कुनै खानाको कुपन नपाएको बताए। मंगलबार बिहानदेखि एयरपोर्टमा झोकै रहेका करिब सय जना यात्रुलाई एनआरएनए एनसीसी कतारले सेन्डविच, स्याउ र पानी उपलब्ध गराएको थियो। फोन गर्दा फोनै नउठाउने र उठाए पनि किन एनसीसीमा जानकारी गराएको भन्दै एयरलाइन्सका प्रतिनिधिले थर्काएको प्रतापले मध्यान्ह दैनिकसँगको कुराकानीमा बताए।

एयरपोर्टबाट पीडित र एयरलाइन्सबीच आरोप-प्रत्यारोप चलिरहेकै बेला स्थानीय समयअनुसार मंगलबार राति ११:५५ बजे जहाज उड्ने एयरलाइन्स प्रतिनिधिले बताए। नेपाल एयरलाइन्सबाट मंगलबारको उडानमा नेपाल यात्रा गर्ने सबै यात्रुलाई फ्लाइट रद्द भएको र सो को जानकारी यात्रुलाई गराइएको स्टेसन म्यानेजर यज्ञ प्रसाद भट्टले जानकारी दिए।

## बायोमेट्रिक...

भिसा सेवा केन्द्रले कामदारको प्रहरी रिपोर्ट र भिसा शुल्क तिरेर क्युआर कोड तयार भएपछि मात्रै बायोमेट्रिक गरिने बताएपछि संघका तर्फबाट व्यवसायीलाई साउदी दूतावास महाराजगञ्ज र कामदारलाई भिसा सेन्टर थापाथलीमा लाइन लगाउन नपाइने भन्दै आपत्ति जनाएको पनि महासचिव भुर्तेलले बताए।

सानातिना समस्यामा परिचयपत्र रोक्ने, तर कामदारको बायोमेट्रिक गर्न म्यानपावर कम्पनीको साउदी आईडी अनिवार्य गर्दा थप समस्या परेको विषयमा मन्त्रालयका सचिव केबलप्रसाल भण्डारीलाई जानकारी दिएको भन्दै महासचिव भुर्तेलले समस्याको समाधान नगरी व्यवसायीलाई चेपुवामा पार्ने प्रवृत्ति देखिएको बताए। उनले व्यवसायीमाथि धेरै खालका अनुचित प्रहार भएको र त्यस खालका अनुचित प्रहार नरोके अब व्यवसाय नै बन्द गर्ने अवस्थामा व्यवसायी पुगेको गुनासो गरे।

त्यसका लागि संघलाई छाता संस्था मान्ने घटक संस्थाहरुसँग लिखित सुझाव मागिएको र सोही सुझावहरुलाई समेटेर मन्त्रालयलाई सम्भव भए बुधबार नै ज्ञापनपत्र दिने तयारी रहेको पनि महासचिव भुर्तेलले जानकारी दिए।

कतिपय व्यवसायीले भने भिसा सेन्टर उद्घाटनका लागि साउदी राजदूत नै उपस्थित भएको अवस्थामा भिसा सेन्टर र बायोमेट्रिक प्रणालीलाई साउदी सरकारको निर्णय मानि कार्यान्वयनमा सहजीकरण गरेर लैजानु बुद्धिमानी हुने बताएका छन्। बायोमेट्रिक प्रक्रियालाई अन्तिम रुप दिन त्यसअघिका प्रक्रियाहरुलाई प्रभावकारी र छिटो सम्पन्न गर्ने विषयमा संघले पहल गर्नु उचित हुने सुझाव उनीहरुको छ।

दूतावासले साउदी अरेबिया जाने सबै प्रकारका भिसाका लागि आवश्यक प्रक्रियाहरु २४ घण्टाभित्रै पूरा हुने बताएको छ। तर कतिपय व्यवसायीले भिसा सेन्टरले सीमित संख्यामा मात्रा कामदारको बायोमेट्रिक गर्ने भएकाले नेपाली कामदार साउदी अरेबिया रोजगारीमा जाने परम्परागत प्रक्रियामा ढिलाइका साथै अनावश्यकरुपमा खर्चिलो हुने टिप्पणी गरेका छन्।

साउदी भिसा सेन्टरले नेपाली कामदारको बायोमेट्रिक फिंगरप्रिन्ट कार्य साढे चार अमेरिकी डलरमा गरिने बताएको छ। तर वैदेशिक रोजगार व्यवसायीहरुले समयको अनिश्चितताका कारणले बायोमेट्रिकका नाममा कामदारको न्यूनतम २५ हजार रुपैयाँ खर्च हुने विश्लेषण गरेका छन्।

## त्रिपक्षीय...

गरिदेने धम्की दिएको, पारिश्रमिक कटौती र क्षमताभन्दा बढी काममा लगाएको भन्दै काम छोडेरै आन्दोलित भएका थिए। उनीहरु रिदम ओभरसिज र कावेली ह्युमेन रिसोर्सेसबाट मलेसिया गएका कामदार हुन्। उनीहरु रोजगारदाताविरुद्ध शिकायत लिएर मंगलबार क्वालालाम्पुरस्थित नेपाली राजदूतावास पुगेका थिए। छलफलमा रोजगारदाताले कामदारमाथि अभद्र व्यबहार नगर्ने र काममा पनि केही हदसम्म सजिलो पार्ने मौखिक सम्झौता भएको र त्यसका आधारमा कामदारहरु पूर्ववत् काममा फर्किन सहमति जनाएका हुन्।

पक्षीको दाना बनाउने उक्त कम्पनीमा शुरुवातमा प्रत्येक कामदारले कार्य समयभित्र १ सय ९० ग्राम पुऱ्याउनुपर्ने लक्ष्य दिइएकोमा कामदारले भरपूर प्रयास गर्दापनि नसकेपछि १ सय १० ग्राम पुऱ्याउने सहमति भएको छ। सहमति गराउन राजदूतावास क्वालालम्पुरको रोहबरमा भएको छलफलमा रोजगारदाता कम्पनीका एच आर म्यानेजर, नेपाली दूतावासका उपनियोग प्रमुख मुदिता बज्राचार्य, दूतावासका प्रथम सचिव बलिराम प्रसाद धामी, द्वितीय सचिव प्रेम बहादुर बुढथापा, श्रम सहचारी दिलिप श्रेष्ठ, सहायक जनसम्पर्क अधिकृत जय प्रकाश गिरी, आन्दोलित श्रमिकहरु र गैर आवासीय नेपाली संघ मलेसियाका अध्यक्ष बिनोद थापा, उपाध्यक्ष हेमराज साप्कोटा, पत्रकार कृष्ण गुप्तालगायतको उपस्थिति रहेको थियो। नेपाली कामदारहरुले स-सम्मान काम गर्ने वातावरण नभएको अवस्थामा वैदेशिक रोजगार विभाग र मलेसियास्थित श्रम अदालतमा समेत उजुर गर्ने बताएका छन्।

यसबारेमा रिदम ओभरसिज प्रा.लि.का सञ्चालक शेरबहादुर जिसीसँग सम्पर्क राख्दा विगतमा रोजगारदाता कम्पनीले कामदारको तलब समयमा नै दिने गरेको, विगत ९ वर्षदेखि कार्यरत कामदारहरु पनि हालसम्म खुसी साथ काम गरिरहेको, तर हाल काम्पनीले दिने कामका विषयमा अल्पकालीन समस्या देखिएपछि हर सम्भव प्रयास गरिएको र छलफलपछि समस्याको समाधान आएको उल्लेख गरे। उनले समस्या समाधानमा नेपाली दूतावास तथा गैरआवासीय नेपाली संघका पदाधिकारीहरुबाट सकारात्मक सहयोग पाइएको बताए।

यस्तै कावेली ह्युमेनका सञ्चालक लोकनाथ रिमालले हाललाई समस्याको समाधान भएको र एक महिनाको पारिश्रमिक आएपछि श्रमिकको अरु कुनै सनस्या देखिए आफूहरु मलेलियासमेत गएर समाधान गर्ने बताए।

## प्रस्तावित...

दिएका छन्। प्रतिनिधि सभा नियमावली २०८० मा संसदीय क्यालेन्डरको विषय समावेश छ। नियमावलीको नियम २५५ मा यससम्बन्धी व्यवस्था छ। जहाँ भनिएको छ, 'सभाले सुव्यवस्थित ढंगले कार्यसम्पादन गर्ने सम्बन्धमा कार्यतालिका बनाई लागू गर्न सक्नेछ।' यसअघि संसदको वर्षे अधिवेशन अन्त्य हुने अघिल्लो दिन १४ वैशाख २०८० मा पनि सभामुखले संसदीय क्यालेण्डरको विषयमा राजनीतिक दलका सचेतक र प्रमुख सचेतकहरुसँग छलफल गरेका थिए।

कांग्रेसका प्रमुख सचेतक रमेश लेखकका अनुसार त्यसबेला सभामुख घिमिरेले संसदको चालू अधिवेशन अन्त्य हुनु अघिल्लो दिन सिंहदरबारमा बसेको प्रतिनिधि सभाको कार्य व्यवस्था परामर्श समितिको बैठकमा समेत बजेट अधिवेशनदेखि संसदीय क्यालेण्डर लागू गर्नुपर्ने बताएका थिए।

संसद सचिवालयका अनुसार सभामुख घिमिरेले सुरुदेखि संसदीय क्यालेण्डर लागू गर्ने विषयमा चासो राख्दै आएका छन्। सुरुवात गर्ने र अभ्यासमा गएपछि त्यसका सफ्ठेरा र अफ्ठेराहरु विषयहरु पहिचान गरी सुधार गर्दै लैजाने सभामुख घिमिरेको भनाइ रहँदै आएको छ। राजनीतिक दलहरुका बीचमा हुने बेमेलले संसदीय क्यालेण्डर लागू गर्न हुन सक्ने अवरोध र त्यसलाई चिर्न अपनाउन सकिने उपायका विषयमा समेत सभामुख घिमिरेको चासो रहेको छ।

**साउदीमा रोजगार** | १. कम्पनी: **NAS Manpower Company**
शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८०/१०/०२ चलानी नं.: ६०२१३०५९ LT. No.: 297925

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 50 | 0 | स. काममा दक्ष | 1000 | ३५२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १० गते (24 January 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.
साबिक (Continental Manpower (Nepal) Pvt. Ltd.)
Gov. Lic No. 190/057/058
Sinamangal-09 Shambu Marga Kathmandu.Tel:+977-4578566, 4578866
Email: nasserplacement2000@gmail.com web: www.continentalmanpower.com.np

**युएईमा रोजगारको अवसर** कम्पनी: **GLOBAL CLEANING SERVICES**
शहर: DUBAI
पूर्व स्वीकृत मितिः२०८०/०४/१४ चलानी नं: ६०२०५३२२ LT. No.:290023 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरूष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Cleaner | 1 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,८२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office Cleaner | 1 | 0 | | 800 | २८,८२४ | | | | | | | |
| 3. | Office Manager | 1 | 0 | | 2000 | ७२,०६० | | | | | | | |
| 4. | Cleaner | 22 | 0 | | 800 | २८,८२४ | | | | | | | |
| 5. | Stone Mason | 1 | 0 | | 1200 | ४३,२३६ | | | | | | | |
| 6. | Archive Clerk | 1 | 0 | | 1500 | ५४,०४५ | | | | | | | |
| 7. | Office Cleaner | 0 | 8 | | 800 | २८,८२४ | | | | | | | |
| 8. | Receptionist | 0 | 1 | | 1200 | ४३,२३६ | | | | | | | |
| 9. | Cleaner | 0 | 1 | | 800 | २८,८२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १० गते (24 January 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

इजाजत नं. ५३४/०६७/०६८
सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com

# त्रिविका शैक्षिक प्रमाणपत्र अब अनलाइन आवेदनबाटै प्राप्त हुने

**काठमाडौं / मस–** त्रिभुवन विश्वविद्यालयले अब शैक्षिक प्रमाणपत्र उपलब्ध अनलाइन आवेदनबाटै उपलब्ध गराउने भएको छ । परीक्षा नियन्त्रण कार्यालय बल्खुले मंगलबार सूचना जारी गर्दै माघ १५ गते अनलाइनबाट शैक्षिक प्रमाणपत्र उपलब्ध गराउने घोषणा गरेको हो । मंगलबार बसेको केन्द्रीय परीक्षा सञ्चालक समिति बैठकले क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयबाट समेत दिइने सुविधा अनलाइन माध्यमबाट हुने निर्णय गरेको थियो ।

ट्रान्सक्रिप्ट, प्रोभिजनल प्रमाणपत्र, पुनर्योग, प्रतिलिपी र त्रुटि सच्याउने कामसमेत अनलाइन आवेदन दिएर गर्न सकिने परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ ।

यसअघि विद्यार्थीले शैक्षिक प्रमाणपत्रका लागि बैंकमा शुल्क बुझाउन दिनभर लाइनमा बस्नुपर्ने, शैक्षिक प्रमाणपत्रहरु प्राप्त गर्न हप्तौं कुर्नपर्ने लगायतका समस्या झेल्दै आएका थिए । अब भने शुल्क लगायत सबै काम अनलाइन माध्यमबाटै हुने सूचनामा उल्लेख छ । परीक्षा नियन्त्रण कार्यालयले अनलाइन प्रणालीसम्बन्धी विस्तृत विवरण माघ १० गते सार्वजनिक गरिने समेत कार्यालयले जनाएको छ ।

# ‘फर्म टु प्लेट’को अवधारणामा अघि बढ्न राष्ट्रपतिको आग्रह

**कृष्णानन्द भट्ट / मध्यान्ह**
काठमाडौं, २ माघ




राष्ट्रपति रामचन्द्र पौडेलले अर्गानिक खाद्य वस्तु सिधैं तारे होटलमा आपूर्ति गर्न र ‘फार्म टु प्लेट’को अवधारणा अनुरुप अघि बढ्न आग्रह गरेका छन् ।

होटल संघ नेपालले आफ्नो स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले पर्यटकको रूची अनुसारको खाद्य सामग्री होटल व्यवसायी आफैंले कृषि फर्म स्थापना गरेर वा उत्पादन गर्न सक्ने किसानलाई खाद्यान्न उत्पादनका लागि अप्रेरित गर्नुपर्ने बताएका छन् ।

होटल व्यवसायीलाई सुझाव दिँदै उनले किसानसँग सम्झौता गरेर ‘फार्म टु प्लेट’ को अवधारणा अघि बढाउन सुझाएका छन् । यसैगरी उनले नेपालको मौलिक रैथाने खाना र संस्कृतिलाई विश्वभर प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए ।

राष्ट्रपति पौडेलले नेपालको विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई विश्व बजारमा पुऱ्याउन पर्यटन क्षेत्रलाई मुलुकको समृद्धिको रुपमा स्थापित गर्नुपर्ने बताए । उनले ‘अतिथि देवो भव:’ को मूल मर्मलाई जीवन्त राख्न अन्तर्राष्ट्रिय सामुदाय सामु नेपालको चिनारी गरेकोमा होटल व्यवसायीको मुक्त कण्ठले प्रशंसा गरेका थिए ।

# कालिञ्चोकमा विज्ञान शिक्षक समाज गठन, अध्यक्षमा थामी



**राजकुमार भुजेल / मध्यान्ह**
दोलखा, २ माघ

दोलखाको कालिञ्चोक गाउँपालिकामा विज्ञान शिक्षक समाज गठन गरिएको छ । कालिन्चोक गाउँपालिका वडा नम्बर ४ स्थित हिलेपानी सँस्कृत माविका सहायक प्रधानाध्यापक डम्बर बहादुर थामीको नेतृत्वमा ११ सदस्यीय विज्ञान शिक्षक समाज गठन गरिएको हो । कालिन्चोक गाउँपालिकाभित्र कार्यरत विज्ञान शिक्षकहरुको सोमबार सम्पन्न प्रथम भेलाले समाज गठन गरेको हो । भेलाले उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाध्यक्षमा क्रमशः कालिनाग मावी सिंगटीकी शिक्षिका नबिना जिरेल, सोही विद्यालयका बद्री नारायण खत्री, रमेश कुमार शिवाकोटी र कालिनाग मावि सुनखानीकी शिक्षक अनुका बस्नेतलाई चयन गरेको छ ।

यस्तै सदस्यहरुमा जीवराज थामी, रामकुमार दाहाल, सुन्दर चौलागाईं, रामकृष्ण पाण्डे, मिना थामी र ममता थामीलाई चयन गरिएको छ । भेलाले प्रदेश प्रतिनिधिमा देवी बहादुर कार्की र जिल्ला प्रतिनिधिहरुमा सुशीला पाण्डे, पदममाया थामी, लिलावती थामी, रिदम कार्की र मीन बहादुर राउतलाई चयन गरेको छ ।

भेलामा मन्तव्य राख्दै विज्ञान शिक्षक समाज दोलखाका अध्यक्ष सुन्दर खड्काले विज्ञान शिक्षण सिकाइको गुणस्तर अभिवृद्धि, शिक्षकहरुको पेशागत हकहित र क्षमता विकासमा संस्था क्रियाशिल रहने बताए ।

## Province Government
## Sudurpaschim Province
## Ministry of Physical Infrastructure Development
## Transport Infrastructure Directorate
## Infrastructure Development Office, Kanchanpur

## Invitation for Bids (IFB) No. 01-IDOKAN/080/81

**Date of first publication: 2080-10-03 (17th of Jan, 2024)**

1. Infrastructure Development Office, Kanchanpur invites sealed bids from eligible domestic bidders for the construction works enlisted below:

| Contract No. | Name and Location of the Construction Work | Estimated Amount (Including VAT & PS) (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| IDOKAN/W/NCB/080/81-01 | Construction of Ram Mandir nagik Dipak Bhatta Pujariko chhorako ghar dekhi Bhandeb Bhattako ghar hudai Badutol hudai Bhi.Na.Pa.7 Wada Karyalaya Samma Sadak, Bhi.Na.Pa. 7, Kanchanpur | 4,831,950.44 | 110000 | 3000 |
| IDOKAN/W/NCB/080/81-02 | Construction of Bhi.Na.Pa. 8 Karan Singh Dhami Jiuko ghar dekhi Utar Shanti tol Janaki tol Jodne Bato, Bhi.Na.Pa. 8, Kanchanpur | 2,417,903.38 | 55000 | 3000 |
| IDOKAN/W/NCB/080/81-03 | Construction of Shauna Chauraha bata Utar naya nahar hudai wada no 8 chaulali marga Samma Sadak, Bedkot.Na.Pa. 7 and 8, Kanchanpur | 3,866,801.08 | 90000 | 3000 |
| IDOKAN/W/NCB/080/81-04 | Construction of Garjemuni Road purba Shiv Shankankar Ma. Bi. Khajuwa Chauraha hudai Pipaladi purano Gabisa Bhawan jodne Sadak, Suklaphanta Na.Pa. 5, Kanchanpur | 4,832,996.16 | 110000 | 3000 |
| IDOKAN/W/NCB/080/81-05 | Construction of Bansamiti Garjaminee Pipladee Kalagaidi hudai duwaha chitrapur hudai machheli doda samma Sadak, Suklaphanta Na.Pa. 5, Kanchanpur | 2,417,616.84 | 55000 | 3000 |
| IDOKAN/W/NCB/080/81-06 | Constructrion of Shuklaphata Nikunja Paryatan Paripatha, Kanchanpur | 9,053,788.98 | 205000 | 3000 |
| IDOKAN/W/NCB/080/81-07 | Construction of Beldani Ga.Pa. Bhitra Ring Road, Beldani Ga.Pa.Wada No. 1,2,5,4, 3, Kanchanpur | 9,662,830.68 | 215000 | 3000 |
| IDOKAN/W/NCB/080/81-08 | Construction of Mohan Singh Rana ko ghar dekhi Sansarimai Samudayik Bhawan Ban Samma Sadak, Dodhara Chadani, Kanchanpur | 4,835,845.62 | 110000 | 3000 |
| IDOKAN/W/NCB/080/81-09 | Construction of Belkundi bat Bandevi hudai gaudighoda Ghat Dokebzar Sammako Sadak, Krishanapur Na. Pa 9, Kanchanpur | 2,417,900.94 | 55000 | 3000 |
| IDOKAN/W/NCB/080/81-10 | Construction of Danab baba tolko pachim ra mahalaxmi tolko purb parne Maheshwar tolko bhitri Sadak, Bhi.Na.Pa, Kanchanpur | 4,833,330.22 | 110000 | 3000 |
| IDOKAN/W/NCB/080/81-11 | Construction of Bhujela Shivjyoti tol Sadak, Bhi. Na.Pa. 11, Kanchanpur | 3,866,959.79 | 90000 | 3000 |
| IDOKAN/W/SQ/080/81-12 | Construction of Shiv mandir dekhi Bhujela samma nahar Sadak, Bhi.Na.Pa. 5, Kanchanpur | 1,934,612.10 | 45000 | 1000 |

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO’s Web Site www.bolpatra.gov.np./egp and may obtain further information at Infrastructure Development Office, Kanchanpur mail address idokanchanpur@gmail.com

**Office Chief**

## मोटरसाईकल हरायो

मिति २०८०/०९/०६ गते अन्दाजी बेलुका ७ बजेदेखि ८ बजेको समयमा का.जि.म.न.पा.–१५, मनमोहन अस्पतालको पार्किङ्ग गरि राखेको बा.प्र.-०२-०३६ प-३१३२ न. को कालो रातो रङको 220cc को पल्स मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी :** विर बहादुर गरुङ
**ईन्जिन नं. :** DKXCMJ 34485
**च्यासिस नं. :** MD2A13EX12MCJ 99972
**सम्पर्क नं. :** ९८५१२७७६५४

## Vacancy Annoucement

One of the Leading Manpower Agency in Kathmandu is seeking for following applicant.

Documentation Officer : 1 ( Male/ Female)

**Requirements:**
Experience at least 2 years in a related field.

★ Salary According Experience.

Drop your CV at rkgroup08@gmail.com

**R.K.Manpower Group Pvt.Ltd.**
रातोपुल, गौशला, काठमाडौं, नेपाल, फोन: 014479730
Mobile No: 9851002967/9801022967
श्रम इजाजत पत्र नं.: ७७५/०६५/०६६

## कतारमा रोजगार | कम्पनी : GREEN MULTILINK TRADING AND CONTRACTING
शहर: DOHA

पूर्व स्वीकृत मिति : २०८०/१०/०२ चलानी नं.: ६०२१३०७० LT. No.: 298027

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 14 | 0 | स. काममा दक्ष | 1000 | ३६,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० माघ १० गते (24 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRANCH OF REMAL ASSAWAHEL CONTRACTING & MAINTENANCE COMPANY शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८०/१०/०२ चलानी नं.: ६०२१३०६९ LT. No.: 298048

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३५,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १० गते (24 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.**
Lic No.: 836/066/067
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com
IAF

## UAE मा रोजगार | कम्पनी : DIVYA INDUSTRIES GRAINS PROCESSING & PACKING LLC
शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०८०/१०/०२ चलानी नं.: ६०२१३०५४ LT. No.: 298063

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 15 | 0 | स. काममा दक्ष | 800 | २८,८२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० माघ १० गते (24 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**HELP OVERSEAS PVT LTD**
श्रम इजाजत नं. ४६४/०६०/०६१
Ringroad Nayabato Chowk, Lalitpur, Nepal | Phone: 01-5433336, 9823761197
Website:www.helpnepal.com.np, Email: shresthamanoj4@gmail.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
३ माघ २०८०, बुधबार
17 January 2024, Wednesday

सम्पादकीय

## आँट बिनाका मुख्यमन्त्रीहरू

हेटौडामा बैठक सकेर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेट्न गएको १४ पुसमा मुख्यमन्त्रीहरू बालुवाटार पुगेका थिए। मुख्यमन्त्रीहरूले प्रधानमन्त्री प्रचण्डलाई प्रदेशलाई अधिकार सम्पन्न बनाउन ध्यानाकर्षण गराएको पत्र समेत बुझाए। तर सुदूरपश्चिम प्रदेश बाहेकका मुख्यमन्त्रीहरूले राखेको त्यो बैठक र प्रधानमन्त्रीको बुझाएको ध्यानाकर्षणपत्र एकप्रकारले औपचारिकता मात्रै देखियो । बरू उनीहरूले बुझाएको ध्यानाकर्षणपत्रलाई धेरैले औपचारिकता पूरा गर्ने प्रक्रिया मात्रै भएको टिप्पणी गरे। त्यो टिप्पणीमा धेरै हदसम्म सत्यता देखिन्छ। किनकि जसले मुख्यमन्त्री बनाएको हो, त्यही नेतृत्वसँग बलियो अडान राख्ने सामर्थ्य उनीहरूमा थिएन । त्यसैले अधिकारको माग केबल औपचारिकता मात्रै भएको टिप्पणीमा धेरै हदसम्म सत्यता छ। बिगतको नजीरले पनि त्यही कुरा पुष्टि गर्छ।

बिगतका मुख्यमन्त्रीहरूले पनि अधिकारको कुरा उठाउने गरेका थिए, तर संघीय सत्ता परिवर्तन सँगसँगै प्रदेशको मुख्यमन्त्री बदल्न यिनै नेताहरू तम्सिने गर्थे । गत वर्षको प्रदेशसभा चुनावपछि कोशी प्रदेशमा मात्रै पाँच वटा सरकार बदलिएका छन् । लुम्बिनी, गण्डकी र सुदूरपश्चिममा दुई/दुई वटा सरकार फेरिएको छ । मधेश, बागमती र कर्णालीमा पनि सत्ता सहयात्री फेरिएका छन्। अघिल्लो कार्यकालमा पनि यस्तै अभ्यास भएको थियो। संघको सत्ता फेरिनासाथ प्रदेशको सरकार बदल्न नेताहरूले बद्नामी सहन समेत पछि परेका थिएनन् । अर्थात् संघको छायाकै रूपमा प्रदेशका नेताहरूले आफूलाई लिने गरेका छन् । तिनै नेताहरूले संघीय सरकारलाई प्रश्न उठाए भन्ने सन्दर्भ त्यसकारण नागरिकले पट्याउने अवस्था देखिदैन। जबकी अहिलेको संविधान र व्यवस्थालाई संघीयतासँग जोडेर स्वयं सत्तारूढ नेताहरूले प्रचार गरिरहेका छन् ।

विद्यमान व्यवस्था उल्ट्याउन चाहनेहरूले पनि संघीयतालाई नै हतियार बनाइरहेका छन् । नागरिक पंक्तिमा पनि वर्तमान संविधानको सफलता वा असफलतालाई संघीयतासँग जोड्ने गरेका छन्। यस्तो बेला संविधानले दिएको अधिकार उपयोगमा नेतृत्वसँग हस्तक्षेपकारी भूमिका प्रदेशसभाले खेल्नुपर्ने हो। तर संविधान बनेको ८ वर्ष भइसक्दा समेत सामान्य झैझगडामा समेत संघीय सरकारको खोजी नागरिकले गरिरहनुपर्ने परिस्थिति कायमै छ। चिसोबाट नागरिकलाई बचाउने कुरा होओस् अथवा कुनै राजनीतिक समस्याको समाधानमा प्रदेश सरकारको खोजी आमनागरिकले गर्दैनन् । समस्यामा नखोजिनु भनेको अस्तित्वको प्रश्न समेत हो । तर शक्तिका लागि मात्रै पदमा रहने प्रवृत्ति प्रदेशका नेताहरूले देखाउँदा संघीयता बलियो हुन सकिरहेको छैन। तर त्यसको असर भने संविधान र व्यवस्थामाथि नै परिरहेको छ।

# ह्याग्रीव भैरवको अर्थ र धार्मिक महत्व

धर्म-संस्कृति



● रत्नप्रसाद अनामणी

काठमाडौं उपत्यकाका प्राचीन भैरवहरूमध्ये ह्याग्रीव भैरव पनि एक हुन्। ह्याग्रीव भैरव ललितपुर जिल्लाको बुङ्गमतीमा रहेका छन्। ह्याग्रीव भैरवलाई हिन्दु र बौद्ध धर्मावलम्बीहरूले मान्दै आएका छन्।

ह्याग्रीव भैरवलाई बौद्ध धर्मावलम्बीहरूका भैरवहरूका कथासँग जोडिएको पाइन्छ। टाउकोमा घोडाको रूप धारण गर्ने, साँङ्लो बोक्ने र र डरलाग्दो रूप धारण गर्ने देवतालाई बौद्ध धर्मावलम्बीहरूले रक्षात्मक देवताका रूपमा लिने गरेका छन् । ह्याग्रीव भैरवलाई दया देवता भगवान अवलोकेश्वरको क्रोधित स्वरूपको रूपमा समेत लिने गरिन्छ। यस देवताले विशेषगरी छालाका रोग निको पार्दछन् भन्ने जनविश्वास रहेको छ। ह्याग्रीव भैरवका एकसय आठ रूप भएको मानिन्छ। ह्याग्रीव भैरव देवतालाई ललितपुर बुङ्गमती क्षेत्रका मानिसहरूले रक्षक र पुर्खा देवताका रूपमा मान्दै आएका छन्। काठमाडौं उपत्यकामा रातो मच्छिन्द्रनाथ ल्याउँदा बुङ्मतीका ह्याग्रीव भैरव, लुभुको स्वेत भैरव, हरिसिद्धीका क्रोध भैरव, लेलेका संहार अथवा टीका भैरव र पाटन इखालखुका चन्द्र भैरवहरूको संलग्नता रहेको मानिन्छ। मच्छिन्द्रनाथको रथ जात्रामा सबैभन्दा अगाडी घमामा भैरवको प्रतिमा राखिएको हुन्छ।

बुङ्मतीमा मच्छिन्द्र बहालको दक्षिण कुनामा दुईतले ह्याग्रीव भैरवको मन्दिर रहेको छ। ह्याग्रीव भैरवलाई पाल्पाका राजा मुकुन्दसेनले पाल्पा लगेको भन्ने भनाई पनि छ। पाल्पामा भैरव लगेपछि पाल्पाका राजालाई दैनिक नराम्रो घटनाहरू हुन थालेछ। घटना अचानक घट्न थालेपछि भैरवलाई बुङ्मतीमा नै फिर्ता पठाइएको थियो। त्यो समयमा क्षमापूजा पनि गरिएको थियो। हालसम्म पनि क्षमापूजा गर्ने चलन छ।

हाल पाल्पामा पनि ह्याग्रीव भैरवको मुर्ति स्थापना गरिएको छ। पाल्पाको ह्याग्रीव भैरव राखिएको स्थानमा हालसम्म पनि कोठा बन्द गरिराखिएको छ। उक्त स्थानमा पूजारीबाहेक अन्यलाई प्रवेश निषेध गरिएको छ। सो स्थानको माथि अर्को तल्लामा भने उत्कृष्ट मुर्ति स्थापना गरिराखिएको छ।

हाल बुङ्मतीमा रहेको ह्याग्रीव भैरवको पूजारी शाक्य थरका व्यक्ति रहने गरेका छन्। रातो मच्छिन्द्रनाथसँग सम्बन्धि धार्मिक कार्य गर्दा ह्याग्रीव भैरवलाई अनिवार्य पूजा गर्नुपर्दछ। त्यसैगरी ह्याग्रीव भैरवको पूजा गर्दा अथवा धार्मिक कार्य गर्दा रातो मच्छिन्द्रनाथलाई पनि अनिवार्य पूजा गर्नुपर्ने चलन रहेको छ।

